# चौथो नगर सभाका नीतिगत निर्णयहरु

१। मिति २०७५।१०।०९ मा सुभारम्भ भएको तानसेन नगरपालिकाको चौथो नगर सभाको पहिलो बैठकमा टेबल गरिएका देहायका निति/विधेयकहरु सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गरियो

क. विनियोजन ऐन २०७५ को पहिलो संसोधन गर्ने बिधेयक २०७५(बहुमतबाट निर्णय भएको)

ख. सार्वजनिक नीजि साझेदारी नीति २०७५

ग. सार्वजनिक नीजि साझेदारी विधेयक २०७५

घ. तानसेन नगरपालिकाको विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन विधेयक २०७५

२। चौथौ नगर सभाको पहिलो बैठकमा टेबल गरिएको तानसेन नगरपालिकाको भवन निर्माण मापदण्ड २०७५ को मस्यौदा थप गर्नु पर्ने देखिएको भनी प्रस्तावकबाट अनुरोध भै आएकोले सो प्रस्ताव फिर्ता गरियो ।

३। तानसेन नगरपालिका लेखा समितिको संयोजक श्री महेश्वर श्रेष्ठले पेश गर्नु भएको लेखा समितिको कार्य क्षेत्र तथा काम कर्तव्य र अधिकार सर्वसम्मतीबाट पारीत गरियो ।

४। तानसेन नगरपालिका बेरुजु फर्छ्यौट सहजिकरण समितिका संयोजक श्री बरुण प्रसाद रेग्मीले पेश गर्नु भएको देहाय बमोजिमको पेश्की मिनाहा सम्बन्धी प्रस्ताव सर्वसम्मतीबाट पारीत गरियो ।

| | |
|---|---|
| क) इश्वरी प्रसाद अर्याल स्यागंजा | रु ९४३६।०० |
| ख) कृष्णमान श्रेष्ठ साविक ता.न.पा. ३ | रु ५६५२।७४ |
| ग) धीरेन्द्रप्रसाद श्रेष्ठ, पूर्व नगर प्रमुख साविक ता.न.पा. ८ | ३७६३।०० |
| घ) चन्द्रलाल शाक्य साविक तानसेन ५ | रु ५०००।०० |
| ङ) ज्ञानुराम सुवाल | रु २८१।०० |
| च) राजेन्द्रगोविन्द श्रेष्ठ पूर्व वडाध्यक्ष | रु ४०००।०० |

५। यस नगरपालिकाको आ.व. २०७५/२०७६ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पारित संसोधित विनियोजन ऐनको वजेट सीमा भित्र रही कार्यक्रम तथा वजेट कार्यान्वयन गर्न नगर प्रमूखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६। ता.न.पा. वडा नं. ७ मा निर्माणाधिन शित भण्डार भवन तोकिएको समय भित्र सम्पन्न हून नसकेकोले शित भण्डार निर्माण कार्यलाई पुर्णता दिन केही समय आवश्यक देखिएको हुंदा चालु आ.व. २०७५।०७६ भित्र सम्पन्न गरिसक्न कानुन

बमोजिम लिमिटेड ड्यामेज (Limited Damage) लगाई म्याद थप गर्ने र वांकी रकम निकासाका लागि आवश्यक प्रक्रिया पुरा गरी भारतीय दुतावासलाई अनुरोध गर्न कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

७ नगर कार्यपालिकाले विभिन्न मितिमा निश्चित प्रयोजनका लागि गठन गरेका समिति अनूमोदन गर्ने निर्णय गरियो ।

८। आर्थिक वर्ष सुरु भए पश्चात् सशर्त रुपमा प्राप्त बजेटको कार्यक्रम तयगरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अख्तियार प्रदान गर्ने निर्णय गरियो ।

९। ६०/४० लागत साझेदारीमा सम्पूरक कोष शिर्षकबाट कार्यान्वयन हूने योजनाहरुको लागि बिनियोजित बजेट वांडफांड तथा योजनाहरु छनौट गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१०।विशेष कोष मार्फत संचालन हूने कार्यक्रमहरुको लागि कोषमा विनियोजित रकमको कार्यान्वयन गर्न सो सम्बन्धि कार्यविधि/निर्देशिका तयार गरी स्वीकृत कार्यविधि बमोजिम कार्यान्वयन गर्न नगर कार्यपालिकालाई जिम्मेवारी दिने निर्णय गरियो ।

११।तेस्रो नगरसभा पश्चात् आजको मितिसम्म नगरकार्यपालिकाले पटक पटक गरेको योजनाको रकमान्तर, शिर्षकान्तर तथा मूलकोषबाट गतवर्ष ठेक्का सम्झौता भै यस वर्ष भुक्तानी भएको रकम समेतको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१२।तानसेन नगरपालिकाको प्रेस सल्लाहकार श्री गोविन्द भट्टराईको चालु आ.व.को सुरु महिना देखि हालसम्म भुक्तान गरीएको तलबलाई अनुमोदन गर्दै २०७६ असार मसान्तसम्म निजको करार अवधी थप गर्ने निर्णय गरियो ।

१३।नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च गराउने हेतूले कार्यसम्पादनको आधारमा प्रोत्साहन सुविधाका लागि तयार गरिएको सुचक स्वीकृत गरी आधारभूत तलबमानको अधिकतम ९ प्रतिशत प्रोत्साहन सुविधा २०७५ श्रावण देखि नै लागु गर्ने निर्णय गरियो ।

१४।नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय संचालन गर्न आवश्यक पर्ने प्राविधिक र कार्यालय सहयोगी स्तरका जनशक्ति करारमा लिन तथा कार्यरत कर्मचारीको करार नबिकरण गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

१५। साविक ता.न.पा वडा नं. ९, ता.न.पा १५ हुँदै हाल ता.न.पा वडा नं. २ कायम भएको असनटोल स्थित पुरानो छिडी वाटो निकै साँगुरो हुँदा त्यस क्षेत्रका आम जनतालाई सार्वजनिक आवागमनमा निकै वाधा पुगेको, कुनै भवितव्य आई परेमा दमकल/एम्वुलेन्स सम्म जाने वाटो नभएको अवस्था रहेको, उक्त छिडी वाटोलाई विस्तार गर्न विगत वर्षमा वजेट विनियोजन भए तापनि कार्यान्वयन हुन नसकेको, यस आ.व. २०७५/०७६ मा समेत छिंडी बाटो विस्तार एवं चौडा गर्न वजेट विनियोजन भएकोले उक्त विस्तार कार्य अगाडी वढाउन जग्गा प्राप्ती ऐन २०३४ को दफा ३ मा भएको प्रावधान अनुसार हाल ता.न.पा वडा नं. २ मा पर्ने कि.नं. ८६ क्षेत्रफल ०-४-०-१ को जग्गा प्राप्तीको लागि जग्गा प्राप्ती ऐन २०३४ वमोजिम जग्गा प्राप्तीको प्रकृया अगाडी वढाउन ऐनको दफा ५ (२) वमोजिम कारवाही चलाउने अधिकारी तोकी दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

१६। भवन निर्माण संहिता २०७२ जारी हुनु अगावै तत्कालीन अवस्थामा तानसेन नगरपालिकासंग विशेष शर्त राखेर बनाएका घरहरु बाहेक यस तानसेन नगरपालिकाबाट विधिवत् स्वीकृति लिइ नक्सापासको सबै विधि तथा प्रकृया(चरण) पुरा गरी प्रचलित कानूनको परिधि भित्र रहेर निर्माण कार्य पुरा भएका घरहरुको निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

१७। तानसेन नगरपालिका वडा नं. ४ विशाल वजारमा जग्गाधनि नम्रता थापा खातीले कि.नं. १७७ क्षेत्रफल ०-२-१-२ मा जमिन तला सहित ३ तलाको घर निर्माणको लागि ल्पिन्थ लेभल सम्मको निर्माण कार्यको ईजाजत मिति २०७४।०४।२३ मा लिएको, तत पश्चातका कुनै पनि प्रक्रियामा नै नआई जवरजस्त घर निर्माण कार्य अगाडी वढाएको, र तानसेन नगर कार्यपालिकाको कार्यालयवाट मापदण्ड र अनुमती विना घर निर्माण नगर्नु भनि पटक पटक पत्राचार गर्दा समेत अटेर गरेकोले प्राविधिक प्रतिवेदन समेतका आधारमा नगरप्रमुखबाट भएको भएको आदेश तथा कार्यपालिकाबाट भएको निर्णय अनुमोदन गर्ने निर्णय गरीयो ।

१८। चालु आ.व. २०७५।०७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा संघ प्रदेश सरकारसंग साझेदारीमा गरिने कार्यक्रम शिर्षक रु १ करोड विनियोजन भएकोमा प्रदेश सरकारबाट रु ४० लाखको कार्यक्रम स्वीकृत भएको र अन्य कार्यक्रम स्वीकृत हुने चरणमा रहेको र कथंकथाचित संघ प्रदेशबाट थप कार्यक्रम स्वीकृत हुन नसकेमा उल्लेखित शिर्षकमा बांकी रहने रकम बांडफांड गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

१९।यस तानसेन नगरपालिकाका विकास सद्भावना दुत श्री प्रेमनाथ बस्याल तथा वडा नं. १ का अध्यक्ष श्री रामप्रसाद बस्याल हाल अस्वस्थ अवस्थामा रही अस्पतालमा उपचारारत रहनु भएको उहांहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने प्रस्ताव पारित गरियो ।

२०।तेस्रो नगरसभाबाट आ.व. २०७५।०७६ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरु मध्ये कार्यान्वयन हुन नसक्ने निम्न लिखित योजनाहरु, स्वीकृत विनियोजित बजेट भित्र रही देहायका योजना तथा कार्यक्रमहरु संचालनका लागि कार्यक्रम संसोधन गर्ने निर्णय गरियो ।

| वडा नं. | हालको योजना | | | संसोधित योजना | | |
|---|---|---|---|---|---|---|
| | योजनाको नाम | योजनाको किसिम | विनियोजित रकम | वडा नं. | योजनाको नाम | विनियोजित रकम |
| २ | ढल बाटो मर्मत तथा सरसफाई | वडा स्तरीय | ५५०००० | २ | बिद्युतीय सूचना पाटी | १८०००० |
| | | | | २ | दि बज्र होटल साईडको कर्ल्बटमा कचवे निर्माण | १००००० |
| | | | | २ | ढल सरसफाई वडाको बिभिन्न स्थानमा | ५०००० |
| | | | | २ | बाटो मर्मत वडाको बिभिन्न स्थानमा | ७०००० |
| | | | | २ | अमरनारायण पोखरी तथा फुलबारी मर्मत | १५०००० |
| | मकबूल मियााको सिलाई पसल देखी को.ले.नि.का.सम्म ढल चौडा पार्ने | नगर स्तरीय | ३००००० | २ | नापी कार्यालय छेउ देखि अमरनारायण पर्खाल वरीपरीको सार्वजनिक जग्गामा तारबार | ३००००० |
| | हनुमान मन्दिर रंगरोगन | वडा स्तरीय | १००००० | २ | हनुमान मन्दिर स्तरोन्नती, रंगरोगन तथा ब्याडमिन्टन कोर्ट मर्मत | १००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जे.भि.टी. स्कूलमा तार जाली निर्माण योजना | वडा स्तरीय | १००००० | ३ | जे.भि.टी. स्कूलमा तार जाली तथा छात्रबासमा गेट निर्माण | १००००० |
| | ता.न.पा. ३ को सडकबत्ती तथा नाली मर्मत | वडा स्तरीय | १३५००० | ३ | ता.न.पा. ३ को सडक बत्ती | ९०००० |
| | | | | ३ | ता.न.पा. ३ को नाली मर्मत | ४५००० |
| | सितलपाटीको भिमसेन मन्दिरको पित्तलको छानो राख्ने | वडा स्तरीय | २००००० | ३ | सितलपाटीको भिमसेन मन्दिरको पित्तलको छानो राख्ने तथा रथ निर्माण | २००००० |
| | प.प. स्कूलमा पर्खाल निर्माण | वडा स्तरीय | १००००० | ३ | प.प. स्कूलमा गेट निर्माण | १००००० |
| | बसन्तपुर भिमसेन मन्दिर मर्मत | | १००००० | | बसन्तपुरको पिपलको चौपारीमा रेलिगं | १००००० |
| ५ | कैलाशनगर देउराली चोक हुदै बतासेडाडासम्म जोड्ने नाली तथा बाटो मर्मत | नगर स्तरीय | ५००००० | ५ | गंगालाल श्रेष्ठको घरदेखि देउराली निस्कने मोटरबाटो | ५००००० |
| | फणिन्द्र बस्यालको घर देखि उदय शिलवालको घरसम्म मोटरबाटो निर्माण | वडा स्तरीय | १००००० | ५ | दिपक पाण्डेको घर देखि गणेश थापाको घरसम्मको बाटो निर्माण(थप) | १००००० |
| ९ | बिपद व्यवस्थापन | वडा स्तरीय | ५०००० | ९ | यातायात व्यवस्थीत | ५०००० |
| | सवारी साधन खरिद | वडा स्तरीय | ३००००० | ९ | साधन खरीद | १९२९०० |
| | | | | ९ | सवारी साधन मर्मत | ३०१०० |
| | | | | ९ | टोल बिकास संस्था व्यवस्थापन | ७७००० |
| ११ | सबै टोलमा मोटरबाटो मर्मत सुधार | वडा स्तरीय | ४००००० | ११ | बिभिन्न टोलमा मोटरबाटो मर्मत सुधार | २२५००० |
| | | | | | तल्ली पिपल जुकिया बोखर मो.बा. | १००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | स्वास्थ्य सामुदायिक भवन कुरुगंखोला | ७५००० |
| | बिभिन्न टोलमा थरी सुधार कार्यक्रम प्रतिब्यक्ति रु ३५०० | वडा स्तरीय | ५०००० | ११ | बिभिन्न टोलमा थरी सुधार कार्यक्रम प्रतिब्यक्ति रु ५००० | ५०००० |
| १२ | गाइघाट कृष्णे खण्ड क र ख कुलो मर्मत | नगर स्तरीय | २००००० | १२ | नामीकुवा लुहगं विरपोखरा मोटरबाटो निर्माण | १०००००० |
| | लुहुङ खानेपानी योजना | नगर स्तरीय | ३००००० | १२ | | |
| | वडास्तरीय खेलकुद मैदान | नगर स्तरीय | ५००००० | १२ | | |
| | झिरुवन खानेपानी मुहान संरक्षण | वडा स्तरीय | १००००० | १२ | झिरुवन खानेपानी उपकरण खरीद | १००००० |
| | कुल रकम | | ४०८५००० | | | ४०८५००० |